# संचारिका
## फिचर सेवा

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष १३, अङ्क १ चैत/वैशाख, April 2011

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़ुरआमाले आफ्‌माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# अघि बढ्दै अछामका महिला

**गरिबीसागै एचआईभी/एडस, कुपोषण, छुवाछुत र छाउपडीलगायतका समस्याले जेलिए पनि सुदूरपश्चिमको दुर्गम जिल्ला अछामका महिलाले आफ्नो अधिकार र समुदायको उत्थानका लागि उदाहरणीय काम गरिरहेका छन् ।**

**✍ डम्बरकृष्ण श्रेष्ठ**

घरायसी कामले बाहिर निस्कँदा पनि श्रीमान्को पिटाइ खाने डरले अछाम, भागेश्वरकी ३० वर्षीया अप्सरा स्वाँरको मुटुको धड्कन सधैं बढ्थ्यो । केही वर्षयता भने जाँड खाएर सधैंजसो पिट्ने र गाउँतिर निस्कँदासमेत गाली गर्ने श्रीमान्को व्यवहारमा परिवर्तन आएको छ । गाउँका महिलाको प्यारालिगल कमिटी तथा अन्य महिला समूहहरूमा आबद्ध भएर महिला हकअधिकारका कुरा बुझेपछि अप्सराको घरमा परिवर्तन आएको हो । उनी भन्छिन्, 'पहिले पिट्ने, झगडा गर्ने श्रीमान् अहिले आफैं महिला भेलाहरूमा जान हौस्याउनुहुन्छ ।'

केही वर्षअघिसम्म घरभित्रै श्रीमान्को हैकमसँगै समाजमा छुवाछुतको चर्को मार खेप्दै आएकी ४८ वर्षीया विमला विकका लागि अहिले ती कुरा विगत भएका छन् । पहिले महिला समूह र बाहिरको काम भन्नासाथ घरबाटै निस्कन नदिने श्रीमान्ले अहिले समूहको बैठक भएको बेला घरको खानासमेत बनाएर उनलाई सघाउँछन् । समूहमा माथिल्लो जात भनिने क्षेत्री-बाहुन महिलाबाट भेदभाव हुन छाडेको छ नै दलितभित्रै हुने भेदभावसमेत हटेर गएको उनी बताउँछिन् । उनले भनिन्, 'दमाई र कामीबीच पनि चर्को छुवाछुत थियो, अहिले त्यस्तो छैन ।'

भागेश्वर महिला समूहको सक्रियताको प्रभाव नजिकका गाविसहरूमा समेत पर्ने गरेको छ । कालिका गाविसमा बिहे गरेर गएकी भागेश्वरकी धनकला कडराले श्रीमान्बाट सधैंजसो शारीरिक र मानसिक यातना पाउँथिन् । हुँदाहुँदा उनका श्रीमान् भीम कडरा केही महिनाअघि मात्र सम्बन्धविच्छेद गर्नसमेत तयार भए । तर, भागेश्वरको महिला समूहले धनकलाको घर र माइती पक्ष दुवैलाई एकै ठाउँ राखेर छलफल गरी उनको टुट्न लागेको घरबार जोगायो । महिलाको प्यारालिगल कमिटीकी सदस्य तथा महिला बहुउद्देश्यीय सहकारीकी सचिव हैकला रावल भन्छिन्, 'हामी महिलामा आफ्नो अधिकार र चेतनाका कुरा त बढाउँदैछौँ, सँगै गाउँका पुरुषमा महिलाहरूप्रति हेर्ने दृष्टिकोण पनि बदल्दै छौँ ।'

अढाइ लाख जनसङ्ख्या भएको सुदूरपश्चिमको दुर्गम जिल्ला अछाम गरिबीसँगै एचआईभी/एड्स, कुपोषण, छुवाछुत र छाउपडीलगायतका समस्याले जेलिएको छ । भौगोलिक र प्राकृतिक रूपले सुन्दर भएर पनि सुदूरपश्चिमको यो जिल्ला अरू जिल्लाको तुलनामा निक्कै पछि परेको छ । घरबार र खेतीपाती गर्नभन्दा पनि बहुसङ्ख्यक पुरुष रोजगारीका लागि भारत जाने र फर्कंदा कमाइभन्दा एचआईभीको सङ्क्रमण लिएर फर्कने गरेकाले त्यसको मार बढी महिलाले नै खेप्नु परिरहेको छ । यति हुँदाहुँदै पनि गाउँगाउँमा सक्रिय भएका महिला समूहहरूले यावत्

समस्यासँग जुझ्दै पुरुषहरूबाट 'डोमिनेट' समाजमा आफ्नो हकअधिकार स्थापित गर्दै लगेका छन्। भागेश्वर गाविसमै महिलाले १० वटा बचत समूह सञ्चालन गरेर बाखापालनदेखि गर्भवती महिलालाई आर्थिक सहयोगसमेत गर्दै आएका छन्। १० वर्षअघि युनिसेफ नेपालको सहयोगमा महिला-बालबालिकाकेन्द्रित डकाउ कार्यक्रम लागू भएको भागेश्वरमा एक दशकमै आमूल परिवर्तन आएको छ। महिला, शिक्षा, स्वास्थ्य, सरसफाइ, खाद्यान्न र रोजगारी आदिमा केन्द्रित यस कार्यक्रमको माध्यमबाट महिला र बालबालिकाको अधिकारसँगै पूरै गाउँ र समुदायकै विकासमा महिला समूह अग्रसर छन्। भागेश्वरका महिला अब राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोग आए पनि नआए पनि आफैं आफ्नो गाउँको सुधारमा एक भएर लागिरहने बताउँछन्। समुदायलाई सशक्तीकरण गर्ने, महिलाका हकअधिकार सुनिश्चित गर्ने अभियानमा लागेको समूहकी उपाध्यक्ष शिलादेवी रावल भन्छिन्, 'सुरुसुरुमा पुरुषहरूबाट असहयोग भए पनि बिस्तारै सबैको सहयोग जुटेको छ। अहिले गाउँघरमा झैझगडा मिलाउनेदेखि विकास निर्माणका कामसम्ममा महिलाको सक्रियता बढी हुन्छ।'

एचआईभीको सङ्क्रमणबाट हरेक गाउँ अछुतो नरहेको अछाममा सङ्क्रमितहरूमाथि समुदायले गर्ने व्यवहार भने निक्कै सकारात्मक छ। महिला समूहहरूको सक्रियताकै कारण सङ्क्रमित भएकै निहुँमा विभेदको घटना कमै छन्। भागेश्वरकी ५५ वर्षीया एचआईभी सङ्क्रमित सुशीला रावल आफैं समुदायमा महिला अगुवाका रूपमा क्रियाशील छिन्। घरभित्र र समाजमा सङ्क्रमित भएकै कारण भेदभाव नपाएको बरु माया र सहयोग नै बढी पाएको उनी बताउँछिन्। भन्छिन्, 'गाउँ-गाउँमा धेरै सङ्क्रमित महिला नै छन् तर समाजमा एचआईभी भएकै कारण भेदभाव र अपहेलना भोग्नुपरेको छैन।' जिल्ला स्वास्थ्य कार्यालय अछामको तथ्याङ्कअनुसार ०६२ सालदेखि ०६७ पुस मसान्तसम्म २४ हजार सात सय ४९ जनाको रक्त-परीक्षण गर्दा एक हजार ७१ जनामा एचआईभीको सङ्क्रमण देखिएको छ। जसमा ६४ प्रतिशत महिला छन्। ४० जना गर्भवती महिलामा सङ्क्रमण देखिएको थियो भने रक्त-परीक्षण गरेका अधिकांश पुरुषको मृत्यु भइसकेको छ। सङ्क्रमित एकल महिलाको सङ्ख्या भने बढ्दो छ। ०६२ मा आठ पुरुष र ३५ महिलामा सङ्क्रमण देखिएको थियो भने ०६७ को पुससम्ममा ४९ महिला र ४८ पुरुषमा सङ्क्रमण देखिएको छ।

**गाउँगाउँमा जागरण**

एक दशकअघि अछामका ६ वटा गाविस लुङ्ग्रा, जलपादेवी, मार्कु, जनाली बण्डाली, मंगलसेन र भागेश्वरबाट युनिसेफले स्थानीय निकाय परिचालन गर्दै महिलासँगै समुदायकै सशक्तीकरणका लागि डकाउ कार्यक्रम प्रारम्भ गरेको थियो। पाँच वर्षयता भने यो कार्यक्रम २५ गाविसमा विस्तार भइसकेको छ भने महिला तथा बालबालिकामाथि हुने हिंसाको विरुद्ध आवाज उठाउने र कानुनी उपचारका लागि पहल गर्ने महिला प्यारालिगल कमिटी भने जिल्लाका ७५ मध्ये ४० गाविसका वडासम्म विस्तार भइसकेको छ।

हरेक गाविसमा २५ जनाको र हरेक वडामा पाँचजनाको समिति छ। जिल्ला तहमा समेत क्रियाशील यस्ता समितिले साना-ठूला झगडादेखि ठूला केशहरूसमेत छलफलको माध्यमबाट आफैं मिलाउने गरेका छन्। जिल्लाभरको तथ्याङ्क हेर्दा ०६७ फागुनको तेस्रो सातासम्म २४६४

केश यस्ता समितिमा आएका थिए। तीमध्ये ९५ प्रतिशत केश समितिले आफैं मिलाएका थिए। जसमा ८७ प्रतिशत महिलासम्बन्धी, १२ प्रतिशत बालिका र एक प्रतिशत पुरुषसँग सम्बन्धित केश थिए। महिला सक्रियतामै छिनोफानो भएका केशमा ६४ प्रतिशत छाउपडी, १६ प्रतिशत घरेलु हिंसा, १३ प्रतिशत सामाजिक हिंसा, दुई प्रतिशत सम्पत्तिसम्बन्धी र एक प्रतिशत जारी प्रथा र चार प्रतिशत अन्य केशहरू छन्। यस्ता समूहहरूले वडा तहदेखि नै केशहरू मिलाउने र आफूले नसके गाविस र जिल्ला तहको समितिमा पठाउने गरेका छन्। महिला अधिकार सुनिश्चित गर्नका लागि समितिले अधिकार पाइने स्थान जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय तथा जिल्ला विकास समिति तथा अन्य सामुदायिक संस्थाहरूसँग नियमित छलफल गर्ने गरेका छन्।

गाविसका सचिव नै समन्वय समितिको अध्यक्ष हुने डकाउ कार्यक्रमअन्तर्गत भने २५ गाविसमा ७२४ जना सामुदायिक स्वास्थ्य परिचारिका सक्रिय छन्। हरेक गाविसमा महिला समूह तथा स्वास्थ्य स्वयम्सेविकाहरूसँग समन्वय गर्नेगरी कर्मचारीकै रूपमा गाविसले एकजना ग्रामीण सामुदायिक सहजकर्तासमेत राखेको छ।

नेपाली काङ्ग्रेसका जिल्ला सभापति पुष्पबहादुर शाह गाउँस्तरसम्म खडा भएको महिला समूहहरूका माध्यमबाट ठूलै जागरण आइरहेको बताउँछन्। उनका भनाइमा बालविवाह, छाउपडीलगायतका समस्या निकै कम भएर गएका छन्। महिला विकास सङ्घ अछामकी अध्यक्ष मञ्जु महत महिलामा पनि अधबैंसे र किशोरीहरू गरी अलगअलग समूह बनाएर समाजमा विद्यमान समस्या हल गर्ने काम भइरहेको बताउँछिन्। एनेकपा माओवादीका जिल्ला सचिव रामप्रसाद तिम्सिना भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूबाट समाजमा जनचेतना व्यापक बढे पनि भत्ताबिना कार्यक्रमहरूमा सहभागी नै नहुनेजस्ता विकृतिसमेत देखिएको बताउँछन्। धेरै समस्यासँग जुझ्दै रहेको अछाममा अधिकांश पुरुष रोजगारी खोज्दै मुग्लान जाने भएकाले घरव्यवहार महिलाले नै धानिरहेका छन्। नेकपा (एमाले) का सभासद् भैरे कामीका भनाइमा अधिकांश खेत बाँझो राखेर बिदेसिने गरेकाले गाउँघरमा अन्नको अभाव हुने र भोकमरीको अवस्थाको सामना पुरुषभन्दा महिलाले नै झेल्नुपर्छ। उनी भन्छन्, 'पैसा कमाउन मुग्लान गएका श्रीमान्हरू फर्कंदा लिएर आउने एचआईभीको सङ्क्रमण पनि महिलाले नै खेप्नुपर्छ।' तर, बिस्तारै महिलामा आएको चेतनाले भोलिका लागि सुखद सङ्केत देखिँदै गएको उनी बताउँछन्।

# दाइजोविरुद्ध राजनीतिक सक्रियताको खाँचो

**✍ शत्रुधनप्रसाद साह**

महिलाको आफ्नै नाम, पहिचान र आत्मसम्मानका लागि आवाज बुलन्द भइरहेका बेला मधेसका महिला भने अहिले पनि दाइजोका नाममा प्रताडित बनिरहेका छन्। विवाहमा केटी पक्षले केटा पक्षलाई दिने दाइजोका अनेक रूपहरू समाजमा

छन्, त्यसमध्ये दाइजोका रूपमा नगद नै दिने चलन मधेसी समुदायमा व्याप्त छ। मधेसमा दाइजोको परम्परा धेरै पुरानो हो, कहिलेदेखि यो सुरु भयो भन्ने यकिन नभए पनि धेरै पहिलेदेखि विवाह गर्दा केटा पक्षले धन-सम्पत्तिको माग गर्ने चलन थियो भनेर बूढापाकाहरू बताउँछन्। विवाह गरेर नयाँ घरमा गएपछि आफ्नी छोरीको सुविधाका लागि दिइने सामग्री र दाइजोलाई फरक रूपमा राखेर हेर्नुपर्ने हुन्छ, जसलाई सामान्य मान्न सकिन्छ तर दाइजोका नाममा माग गरिने नगद र अन्य सामग्रीका कारण धेरै महिलाले मात्र नभएर तिनका माइती पक्षले समेत अत्यन्त अपहेलित जीवन बाँच्नु परिरहेको छ। 'दाइजो'ले गरिब, मध्यम वर्गीय र धनी सबैलाई नराम्ररी गाँजेको छ। शिक्षित र मधेसका उपल्लो जातिमा दाइजोको समस्या झनै बढी छ। यसको अर्थ हो यो अशिक्षा र गरिबीका कारणले दाइजोको माग भएको होइन। तराईमा विशेष गरेर रौतहट, बारा, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी र मोरङमा दाइजोको प्रभाव बढी छ। यी जिल्लामध्ये धनुषा, महोत्तरी, सप्तरी र रौतहटमा दाइजोका कारण महिलामाथि बढी हिंसा भएको पाइएको छ। मधेसी समुदायका ब्राह्मण, राजपुत, सुडी, तेलीलगायतका जातमा पढे-लेखेका युवाले बढी दाइजोको माग गर्नुलाई सामान्य मानिन्छ। दाइजोको लेनदेन धेरैजसो अभिभावकबाट हुने हुँदा युवाहरूको भनाइको खासै अर्थ रहँदैन। भनेजति दाइजो नपाउँदा नवदुलहीको हत्यासमेत गर्ने विकृतिबाट तराईले मुक्ति पाउन सकेको छैन।

०६७ माघ १७ गते धनुषामा दाइजोकै कारण रूपा कर्णको हत्या भयो। परिवारका सदस्य मिलेर उनको हत्या गरे। उनलाई हत्या गर्ने मानिस फरार भएकाले प्रहरीले हत्यारालाई पक्राउ गर्न सकेको छैन। महोत्तरीमा धेरै महिलाले दाइजोकै नाममा आफ्नो अनुहारको आकृति नै गुमाएका छन्, दाइजोको निहुँमा मुहारमा तेजाब खन्याइदिने घटनाहरू महोत्तरीमा बढी छन्। रौतहटमा एउटी महिला दाइजोका नाममा पतिको पिटाइ खाँदाखाँदै मरिन्। उनका छोराछोरी अहिले बेसहाराजस्तै भएका छन्। दाइजोका नाममा सासू-ससुराबाट रातदिनको प्रताडना पाएपछि सिराहाको इटारी प्रसाहीकी अनिता मण्डलले प्रहरीमा उजुरी दिएकी छिन्। तर, उनको यो उजुरी पहिलोपटक भने होइन, परिवारका सदस्यहरूले यातना दिएपछि जब उनी प्रहरीमा पुग्छिन् कारबाहीको डरले उनका सासू-ससुरा अब यस्तो गरिने छैन भनेर प्रहरीसामु मेलमिलाप गर्छन्, केही दिनपछि यही क्रम दोहोरिन्छ। **दाइजोका कारण धेरै महिलाका निम्ति आफ्नै घर शारीरिक र मानसिक यातना केन्द्रझैं भएका छन्। शारीरिकभन्दा मानसिक यातना व्यापक छ। महिला भएर जन्मिएकै कारण उनीहरूले यसप्रकारका हिंसाको सिकार हुनुपरेको हो।**

मधेसी समाजमा दाइजोका कारण महिलामाथि हिंसाका घटना धेरै हुने भए पनि यसको निश्चित तथ्याङ्क भने छैन। यसको प्रमुख कारण यस प्रकारका घटनालाई घरमै दबाइनु हो, दाइजोका घटना प्रहरीसम्म कमै पुग्छन् र महिलामाथिका हिंसाविरुद्धमा कार्यरत सङ्घ/संस्थाहरूसम्म पुग्ने पीडितको सङ्ख्या पनि कमै छ। धनुषामा कार्यरत आसमान नेपालमा यो एक वर्षका बीचमा २० वटा दाइजोसम्बन्धी घटना दर्ता भएका छन्, जसमा दुईजनाको हत्या भएको छ। अन्य घटना कुटपिट, मानसिक यातना र हत्या-प्रयासका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पहिलाको

तुलनामा दाइजोसम्बन्धी मुद्दाहरू पहिलाभन्दा अहिले कम भएका छन् । धनुषा प्रहरी महिला सेलमा कार्यरत सहायक निरीक्षक सुभद्रा आलेको भनाइमा दाइजो भनेर प्रत्यक्ष नदेखिए पनि दाइजोसँग जोडिएका घरेलु हिंसाका घटना डरलाग्दा छन् । आसमान नेपालका कार्यक्रम अधिकृत सौरत ठाकुरले भने, 'दाइजोको माग गर्नु लाजको कुरा हो भन्ने कुरा जबसम्म मानिसमा आउँदैन तबसम्म यो रोग फैलिरहनेछ ।' दाइजो नपाए छोरीले बाबुआमाबाट केही नपाउने तीतो यथार्थ पनि कतिपय समाजमा छ । सम्पत्तिमा समान अधिकार भए पनि तराई समाजमा यसको अभ्यास सुरु भएको छैन, त्यसैले छोरीले विवाह गरेपछि पैत्रिक सम्पत्तिका नाममा पाउने कुरा र जबर्जस्ती मागिने नगदलाई अलग्याएर हेर्नुपर्ने धारणा पनि अधिकारकर्मीहरूको छ । महिला अधिकारका क्षेत्रमा कार्यरत जयन्ती यादवले भनिन्, 'दाइजोका नाममा केटाका बाबुआमालाई दिने नगद र छोरीलाई आफ्नो इच्छाले दिने सम्पत्तिका बीचको दृष्टिकोण फरक हुनु जरुरी छ ।' महिला आवाजकी प्रतिनिधि सीमा ठाकुरको भनाइ पनि मिल्दोजुल्दो छ । भन्छिन्, 'छोराको मूल्य तोक्दै मागिने दाइजोप्रथा समाज विकासकै कलङ्क हो । यसको विरुद्धमा शिक्षित समाजका व्यक्तिहरूले अभियान सञ्चालन गर्नु आवश्यक छ ।' विगत १५ वर्षदेखि धनुषामा दाइजो उन्मूलन सङ्घ खोलेरै यसका विरुद्ध संलग्न छन् रामभरत साह । सङ्घका अध्यक्षसमेत रहेका साहको अनुभवमा दाइजोका कारण महिलामाथिका हिंसा मध्यमवर्गीय परिवारमा बढी छन् र दाइजो उन्मूलनका निम्ति ठोस नीतिको अभाव छ । ०६६/६७ मा सङ्घमा ३८ वटा घटना दर्ता भएका छन् जसमा हत्याका तीनवटा, कुटपिटका १३, घरबाट निकालिएका ६, हत्याको प्रयास भएका दुई र सबैभन्दा बढी मानसिक हिंसाका १४ छन् । घटना दर्ताको तथ्याङ्क हेर्दा दाइजो उन्मूलन सङ्घप्रति मानिसको भरोसा बढी देखिन्छ । सङ्घले पीडित र न्यायिक निकायबीच सहजीकरणको भूमिका निर्वाह गर्दै आएको छ ।

युवायुवतीबीच भन्दा पनि पैसासँग विवाह हुने यो कुप्रथाविरुद्ध लड्नका लागि राजनीतिक रूपमा अहिलेसम्म कुनै पनि प्रकारको प्रतिबद्धता र सक्रियता देखिएको छैन । यसको उन्मूलनका लागि मानिसको सोचमा परिवर्तन ल्याउन मधेसमा राजनीतिक दलहरूसमेतको सहभागितामा सामाजिक अभियानहरू सञ्चालन गर्नु आवश्यक छ ।

# कहिले रोकिएला बलात्कार ?

**✍ तारा वाग्ले**

- *रुकुममा एक शिक्षकले आफैँले पढाउँदै गरेकी एक छात्रालाई लामो समयदेखि बलात्कार गरे ।*
- *सुर्खेतमा एक बाबुले आफ्नै छोरीलाई मदिरा सेवन गराएर बलात्कार गरे ।*

- *काभ्रेको धुलिखेलमा एक रिक्साचालकले पाँच वर्षीया बालिकालाई बलात्कार गरे ।*
- *बाँकेमा एक किशोरीको अपहरणपछि बलात्कार भयो ।*
- *जर्बजस्ती करणीपछि गर्भवती बनेकी गुल्मीकी एक महिला घरबाट निकालिइन् ।*

यी घटना गएको फागुनमा महिलाविरुद्ध भएका ज्यादती र अपराधका केही उदाहरण मात्र हुन् । महिला पुनर्स्थापना केन्द्र ओरेकका अनुसार फागुनमा मात्र महिलामाथि शारीरिक र मानसिक हिंसाका एक सय ३७ वटा घटना भएका छन् जसमा पाँचजनाले ज्यान गुमाए । यस्ता घटनामध्ये कतिपयमा पर्याप्त प्रमाण नपुगेको भन्दै प्रहरीले उजुरी दर्ता गरेन । जसको कारण पीडितलाई न्यायका लागि पहल गर्न समस्या भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको तथ्याङ्कमा सन् २०१० मा १८ वर्षमुनिका एक सय ९० जना बालिका बलात्कृत भएको उल्लेख छ । तीमध्ये सातजना बालिकाको बलात्कारपछि हत्या गरियो । त्यस्तै १८ वर्षमाथिका एक सय तीनजना महिला बलात्कारको सिकार भए भने १६ जनामाथि बलात्कारको प्रयास भयो । ११ जना महिलाको बलात्कारपछि हत्या भयो भने ३० जना महिला यौनजन्य हिंसाबाट पीडित भए । महिला पुनर्स्थापना केन्द्र ओरेकको तथ्याङ्कअनुसार गएको फागुनमा १९ जना महिला बलात्कृत भएका छन् । नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र नक्सालको विवरणअनुसार आर्थिक वर्ष ०६५/६६ मा चार सय ६६ जना महिला बलात्कृत भएका थिए । ०६२/६३ मा बलात्कृत हुने महिलाको सङ्ख्या एक सय ३३ थियो । त्यस्तै काठमाडौं जिल्ला अदालतमा ०६६ मा २९ वटा बलात्कारका घटना दर्ता भएका छन् । ०६० सालदेखि ०६२ सम्म बलात्कारका उजुरी नै नपरेको अदालतमा ०६३ मा एक, ०६४ मा पाँच र ०६५ मा २६ वटा बलात्कारका घटना दर्ता भएका थिए ।

कानुनको तर्जुमा र जनचेतनामा वृद्धि भए पनि नेपालमा महिलाविरुद्ध हुने यौनजन्य हिंसाका घटनामा कमी आउन सकेको छैन । देशमा चलेको १० वर्षे द्वन्द्वका बेला महिलामाथि भएका यौन हिंसाका घटना कति थिए भन्ने निश्चित तथ्याङ्क अहिलेसम्म आउन सकेको छैन । मुलुक अहिले शान्तिप्रक्रियामा भए पनि द्वन्द्वकालमा भएका महिलाविरुद्ध हिंसाका घटनामा दण्डहीनता कायम हुँदा महिलाविरुद्ध थप हिंसाका घटना भएका हुन् । दण्डहीनताले गर्दा महिलाविरुद्ध यौन हिंसा गर्ने अपराधीहरू उम्किइरहेका छन् भने पीडित महिलालाई न्यायको ढोकासम्म पुग्ने पर्याप्त आधार र पहुँच नहुँदा न्याय पाउन सकेका छैनन् । बलात्कार भएपछि न्यायका लागि अपनाउनुपर्ने सावधानी र ३५ दिनभित्र गर्नुपर्ने उजुरीको समय-सीमाका बारेमा धेरै महिला अनभिज्ञ छन् ।

कुनै पनि आपराधिक घटनामा प्रभावकारी तवरबाट कानुनी कारबाही अगाडि बढाउन नसक्दा अपराधीलाई थप बल पुगेको छ । जसको कारण पछिल्ला दिनमा महिलाविरुद्धको यौनजन्य घटनाले विकराल रूप लिएको छ । द्वन्द्वको प्रभावकारी रूपमा अनुसन्धान गर्न नसक्दा हिंसाजन्य घटनामा स्पष्ट तथ्याङ्क पाउन नसकिएको हो । द्वन्द्वकालमा भएका बलात्कारका घटनामा पीडितसँग प्रत्यक्ष भेटेर कुरा गर्ने अवस्था नभएकाले पनि त्यतिबेला भएका बलात्कारका घटना बाहिर

आउन नसकेका हुन् । तथापि द्वन्द्वले विभिन्न वर्ग र क्षेत्रमा पारेको असरको बारेमा अनुगमन गरिरहेको एड्भोकेसी फोरमले सयवटा बलात्कारका घटना सङ्कलन गरेको थियो । तर, ती कुनै पनि घटनामा पीडितले न्याय पाउन सकेनन् । नेपालको कानुनमा बलात्कार भइसकेपछि पीडित महिलाले बलात्कार भएको ३५ दिनभित्र उजुरी गर्नुपर्ने व्यवस्था छ । तर, द्वन्द्वको समयमा बलात्कार भएपछि प्रहरीलाई उजुरी गर्न सक्ने अवस्था नभएको र प्रहरीहरूले पीडितको जाहेरी दर्ता गर्न अस्वीकार गर्ने गरेकोले पनि ती घटनाले न्यायिक उपचार पाउन नसकेको अधिकारकर्मीहरू बताउँछन् । प्रहरीले यस्ता घटनाको विषयमा प्रभावकारी अनुसन्धान नगर्ने, सरकारी वकिलहरू अपराध अनुसन्धान गर्ने दायित्व पूरा गर्न संवेदनशील नदेखिने, पीडकले नै पीडितलाई मुद्दा फिर्ता लिन दबाब दिने, राजनीतिक दलले प्रहरीलाई मुद्दा दर्ता नगर्न दबाब दिनेजस्ता कारणले पीडितले थप समस्या भोग्नुपरेको अनुसन्धानमा संलग्न अधिकारकर्मी पुष्पा पोखरेल बताउँछिन् । कुनै सार्वजनिक चासोका मुद्दामा व्यापक राजनीतिक दबाब पऱ्यो भने मात्र सरकारले छानबिन समिति गठन गर्ने गरेको छ, बलात्कारका कमै मुद्दा सार्वजनिक चासोका विषय बन्न सकेका छन् ।

एड्भोकेसी फोरमका अनुसार द्वन्द्वकालमा सुरक्षाकर्मी तथा माओवादीबाट भएका मानव अधिकार उल्लङ्घन एवम् महिलाविरुद्ध यौनजन्य हिंसाका ६२ वटा घटनामध्ये १३ वटा घटना अहिलेसम्म प्रहरीमा दर्ता हुन सकेका छैनन् । ती घटनामा अपराधीलाई जवाफदेही नठहऱ्याएको र कतिपय मुद्दामा अभियुक्तको बयानसमेत नलिएको अवस्था छ । बलात्कारका घटना त झन् अदालत वा प्रहरीसमक्ष नै नपुगेको र पुगेका घटना पनि बलात्कार भएको प्रमाणित हुने चिकित्सकले जाँचेका कागजात, बलात्कार भएको स्थान तथा पीडित महिलाको अवस्थाको बारेमा तुरुन्त अनुसन्धान हुन नसक्दा यस्ता घटनाको बारेमा कानुनी कारबाहीको प्रक्रिया अघि बढाउनै नसक्ने स्थिति छ ।

नेपालको कानुनमा यौन हिंसाविरुद्ध न्याय पाउन झन्झटिला प्रक्रिया भए पनि अन्तर्राष्ट्रिय कानुनले यौन हिंसामा परेका महिलाको मनोभावना, भनाइ र अवस्थालाई आधार मानी न्यायिक कारबाही चलाउन सकिने व्यवस्था गरेको छ । नेपालमा पनि यही कानुनअनुसार पीडित महिलाले कानुनी बाटो खोज्न सक्छन् । तर, नेपालमा यसअनुरूप मुद्दाहरू नपरेको र सरकार पनि त्यसअन्तर्गत कानुनी कारबाही चलाउन तत्पर नदेखिएको एड्भोकेसी फोरमका कार्यक्रम संयोजक भूपेन्द्र खनाल बताउँछन् । ०६३ को विस्तृत शान्ति-सम्झौताले सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू गठन गर्ने प्रतिबद्धता गरेको थियो तर चार वर्ष बितिसक्दा पनि यस सम्बन्धमा मस्यौदा विधेयक मात्र पेस भएको छ । सरकारले द्वन्द्वपीडितका लागि राहत दिने व्यवस्था गर्न बनाएको अन्तरिम राहत निर्देशिकाले यौनजन्य हिंसाबाट पीडितलाई कुनै व्यवस्था गरेको छैन ।

राज्यले दण्डहीनताको अन्त्य गरी सबै नागरिकलाई समन्याय र शान्तिको आभाष दिलाउन अझै धेरै प्रयास गर्न बाँकी छ । सरकारले सामाजिक न्यायको स्थापना गरी मानवअधिकारको पूर्ण प्रत्याभूति दिने कामलाई पहिलो प्राथमिकता दिनुपर्छ । द्वन्द्वमा संलग्न सबै निकायले द्वन्द्वको उचित व्यवस्थापन गर्नेतर्फ ध्यान दिनु आवश्यक छ । यौनजन्य हिंसाका सम्बन्धमा बनाइएका कानुनको प्रभावकारी कार्यान्वयन गरी पीडितले तत्काल न्याय पाउने तथा

अपराधीलाई कडा कारबाही हुने व्यवस्था गर्नुपर्छ।

# महिला हिंसामा महोत्तरी गर्नुपर्ने धेरै छ

**✍ राकेश चौधरी**

लक्ष्मीनिया बरैगियाकी समिना खातुन (परिवर्तित नाम) सँग गाउँकै असलम मियाँले जबर्जस्ती शारीरिक सम्बन्ध राखी नीलो चलचित्रझैं लाग्ने गरी दृश्य खिचे। केही दिनमै त्यो चलचित्र युवकसँग मात्र सीमित नभई कतार र मलेसियामा रहेका उनका साथीहरूको मोबाइलसम्म पुग्यो। विदेशमा रहेका एक युवकले गाउँमै खबर गरेपछि असलममाथि 'पञ्चायत' बस्यो। स्थानीय सुरक्षा निकायले पीडकबाट पाँच लाख रुपैयाँसम्म क्षतिपूर्ति दिलाउन दिएको आश्वासन अस्वीकार गरी पीडित परिवार न्याय माग्न सदरमुकाम जलेश्वरस्थित जिल्ला प्रशासन कार्यालय र महिला तथा बालबालिका कार्यालयसमक्ष आइपुग्यो। गाउँमै पुनः बसेको सर्वपक्षीय 'पञ्चायत'ले पीडकलाई कानुनी कारबाहीबाट बचाउन पीडित युवतीसँग विवाह गर्नुपर्ने निर्णय सुनायो। युवकले केही दिन अगाडि मात्र युवतीलाई पत्नी स्वीकार गर्दै नागरिकता बनाइदिएका छन्।

पीडित युवतीले नचाहँदा-नचाहँदै आफूसँग जबर्जस्ती गर्ने युवककी श्रीमती बन्न तयार हुनुपर्‍यो, युवतीको खुसी र चाहनाले यहाँ कुनै अर्थ राखेन। महोत्तरीमा अधिकांश लैङ्गिक हिंसाका घटना सकभर गाउँस्तरमै मिलाउने कोसिस गरिन्छ। जिल्ला प्रशासन, जिल्ला प्रहरी वा महिला अधिकारसँग सम्बन्धित सरकारी वा गैरसरकारी कार्यालयमा पीडित उजुरी लिएर आइसकेको अवस्थामा समेत मिल्ने/मिलाउने प्रयास गरिन्छ। कुनै पनि माध्यमबाट पीडित मिल्न नचाहेपछि मात्रै सुरक्षा निकायले बाध्य भएर मुद्दा चलाउने गरेको छ। मुद्दा चलाए पनि महिला हिंसाका अधिकांश घटनामा पीडकलाई पक्राउ गरेर कानुनको दायरासम्म ल्याइएका उदाहरण कमै छन्।

श्रीमान्सहित परिवारका अन्य सदस्यहरूबाट गरिने असभ्य व्यवहारबाट उत्पन्न मानसिक यातना सहन नसकेर महिलाले आत्महत्यासम्मको बाटो रोज्ने गरेको पाइन्छ। महिला सचेतना समूहकी अध्यक्ष रेखा झाका अनुसार संस्थामा प्रत्येक हप्ता कम्तीमा एउटा लैङ्गिक हिंसाको घटना आउने गरेको छ। श्रीमान्बाट शारीरिक र मानसिक यातना दिइएका घटनाहरू बढी आउने गरेका छन्। केही वर्षअघिसम्म महिला आफूमाथि भएका अन्यायलाई चुपचाप सहेर बस्थे, छिमेकी र आफन्तलाई समेत भन्न अप्ठ्यारो मान्थे, तर बिस्तारै यो मौनता तोडिन थालेको छ। सहनै नसक्ने परिस्थिति बनेपछि कतिपय महिला सम्बन्धविच्छेदका लागि अदालतसम्म पुग्न थालेका छन्। औरहीकी विना मिश्रा (परिवर्तित नाम) यसको उदाहरण हुन्। लामो समयसम्म पतिको यातनाको सिकार बनेकी उनले केही समयअघि मात्रै जिल्ला अदालत पुगेर सम्बन्धविच्छेद गरेकी छिन्।

महिला तथा बालबालिका कार्यालय महोत्तरीकी प्रमुख मीरा मिश्रले महिलाहरू कुटपिटसहितका घरेलु हिंसाका सिकार हुने गरेको बताइन्। कतिपय महिला माइतीको सहारामा पीडकलाई कानुनी कारबाही गराउन सफल पनि भएका छन्, तर त्यो सफलतासम्म पुग्ने बाटो भने निकै कठिन छ। बिस्तारै-बिस्तारै महिला आफूमाथि भएका हिंसा समाजकै सामुन्ने खुलेर भन्न भने थालेका छन्। जसका कारण गाउँगाउँमा विगतमा लुकाइएका वा सहेर राखिएका पीडितहरूका कथा-व्यथा सदरमुकामसम्म आउन थालेका छन्। विगतको तुलनामा तराई समाजका महिलामा हिम्मत बढेको अनुभव मीराको छ। यौनजन्य हिंसाबाट पीडितहरूसमेत न्यायको ढोका घचघच्याउन थालेका छन्।

अत्यधिक लैङ्गिक हिंसा हुने महोत्तरीका १० वटा गाविस र जलेश्वर नगरपालिकामा सूचना स्रोतकेन्द्र खोलिसकिएको महिला तथा बालबालिका कार्यालयले जानकारी दिएको छ। एक वर्षभित्र लैङ्गिक हिंसाका ५३ वटा उजुरीमध्ये १८ वटा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा सिफारिस गरिएको छ। लैङ्गिक हिंसाका आधाजति घटना सूचना स्रोतकेन्द्र रहेको ठाउँहरूबाट आउने गरेका छन्। दाइजो नल्याएको, छोरा नजन्माएको, बोक्सी भएको, राम्रो लुगा लगाएकोजस्ता निहुँमा महिलामाथि शारीरिक हिंसा र मानसिक हिंसा गर्ने गरिएको छ। महिलाहरू एक्लै हिँडेको मौका छोपेर बलात्कार गर्ने घटना पनि यहाँका लागि नौलो होइन। वैदेशिक रोजगारमा गएका युवाहरूले कमाएर पठाएको पैसाका कारण महिलामाथि बिस्तारै आर्थिक हिंसा पनि बढ्न थालेको छ।

गत माघमा कोल्हुवा वगेयाकी कुरेसा खातुन (परिवर्तित नाम) माथि अताउल कवाडी र रविउल अन्सारीले सामूहिक बलात्कार गरे। पीडकमाथि कारबाही गर्नुको साटो सम्पूर्ण गाउँलेले दुवै युवकलाई ४० हजार जरिवाना गर्ने र पीडित महिलालाई गाउँ नै निकाला गर्ने गरेको निर्णयको विरोधमा स्थानीय मानवअधिकार र महिला अधिकारसँग सम्बन्धित संस्थाहरू उत्रेपछि पीडकलाई पक्राउ गरियो। पीडकहरूबाट असुल गरिएको ४० हजार गाउँको विकासमा खर्च गर्ने निर्णय भएको थियो, पछि सो ४० हजार जरिवाना पीडितलाई नै दिने सहमति भएपछि अभियुक्तहरूलाई छोडियो। पीडितले पीडकबाट असुल गरी जिल्ला प्रहरी कार्यालयमा राखिएको रुपैयाँमध्ये २० हजार अझै पाउन सकेका छैनन्।

जिल्ला प्रशासन कार्यालयको मुद्दा शाखाका अधिकृत विपिनकुमार ठाकुरले लैङ्गिक हिंसाका मुद्दाहरू सीधै प्रहरी कार्यालयमा पठाउने गरिएको बताए। हप्तामा कम्तीमा एउटा लैङ्गिक हिंसाको उजुरी जिल्ला प्रहरी कार्यालयमा आउने गरेको छ। तर, बलात्कार, बोक्सी आरोप, कर्तव्यज्यान, ज्यान मार्ने उद्योगसहितका शीर्षकमा मात्र मुद्दा दर्ता हुने गरेको देखिएको छ। महिला मानवअधिकार रक्षक सञ्जालकी सदस्य रञ्जिता झाका अनुसार यो वर्ष ७० वटाभन्दा बढी महिलामाथिका हिंसाका घटना दर्ता भएका छन्। तीमध्ये २५ वटा घटना चुरेक्षेत्रका बस्तीहरूमा मात्र भएका हुन् जसमा हत्या, दाइजो, बहुविवाह, तलाक, बोक्सी आरोप, बलात्कार, कुटपिट, घरनिकालाजस्ता प्रकृतिका घटना मात्र समावेश छन्। आत्महत्या वा हत्या छुट्याउन नसकेका घटना समावेश नै नगरिएको झाले बताइन्।

विगतको तुलनामा मुस्लिम समुदायमा बोक्सीका घटनाहरू बढ्न थालेका छन्। तलाक (मौखिक

सम्बन्धविच्छेद) र घर निकालाबाट पीडित हुने गरेका महिलाले बहुविवाहको सामना पनि त्यत्तिकै गर्नुपरेको छ। जिल्ला प्रशासन कार्यालयले सबभन्दा बढी लैङ्गिक हिंसा हुने ठाउँमा भ्रमरपुरा, पर्सादिवाड, सोनमालाई राखेको छ।

लैङ्गिक हिंसासम्बन्धी मुद्दामा जिल्ला प्रहरी कार्यालयले घरेलु हिंसासम्बन्धी (कसुर र सजाय) ऐनबमोजिम नभई सार्वजनिक अपराध ऐनअनुसार कारबाही गर्ने गरेको देखिएको छ। बलात्कार, बोक्सी आरोप, हत्यासहितका जघन्य अपराधमा पीडक र पीडितपक्षबीच रकमको लेनदेन गरी मिलापत्र नभए मात्र मुलुकी ऐनमा भएबमोजिमको कारबाहीका लागि मुद्दा चलाउने गरिएको देखिन्छ। लैङ्गिक हिंसाबाट पीडित महिलाका लागि महिला तथा बालबालिका कार्यालयमार्फत ६ वटै निर्वाचन क्षेत्र र सदरमुकाम जलेश्वरमा गरी सात ठाउँमा ८० हजार रुपैयाँको महिला पुनर्स्थापना कोष स्थापना गरिएको छ। सो कोषको रकम लक्षित समूहसम्म पुग्नुपर्ने धारणा पीडितहरूको छ। महोत्तरीलाई लैङ्गिक हिंसामुक्त बनाउनका लागि सबै पक्षबाट जागरण अभियानका साथै पीडितका निम्ति नैतिक साहस बढ्ने कार्यक्रमको आवश्यकता छ।

# महिला हिंसामा सांसदले मौनता तोड्दा...

**✍ अमान्था परेरा/श्रीलंका**

उनी यहाँ लामो समयसम्म टेलिभिजनबाट प्रसारित शृङ्खलामा धनी पुरुषकी गरिब प्रेमिका 'पाभा'को भूमिका निर्वाह गरेर प्रख्यात भइन्। तर, यी दिनहरूमा उपेक्षा सुवर्णमली उनको वास्तविक जीवनबाटै बढी चिनिइन्, अर्थात सुरुमा घरेलु हिंसाको सिकार बनेकी महिला पछि दुर्व्यवहारको चपेटामा परेका महिलाको पक्षमा काम गर्ने अभियानकर्ता। हालै मात्र लोग्नेको पिटाइबाट घाइते भई अस्पताल भर्ना भएपछि यी अभिनेत्री अखबारहरूमा समाचारको शीर्षक बनिन्। दुई वर्षभन्दा छोटो दाम्पत्यजीवनमै श्रीमती कुट्ने महेश वालावेगमुवा एकजना व्यापारी हुन्। अस्पतालबाट फर्किएपछि उनले आफ्नो कथा समाचारपत्रहरूलाई सुनाइन् र आफ्ना भोगाइका विषयमा श्रीलंकाको विधायिकामा सम्बोधन गरिन् जुन उनले संसद् सदस्यको रूपमा सुरु गरेको नयाँ करिअरकै सबैभन्दा महत्वपूर्ण भाषण हुन सक्छ।

'मेरो जीवनमा त्यो घटना भएपछि मैले यसबारे धेरै सोचेँ। मैले श्रीलंकाका अधिकांश महिलाले यस्तो स्थितिको सामना गरेको पाएँ,' सुवर्णमलीले संसद्मा भनिन्, 'यसलाई रोक्न हामी सबै एकजुट हुनुपर्छ।' सन् २०१० मा राजनीतिमा प्रवेश गरेकी सुवर्णमलीले अहिले दुर्व्यवहारको सिकार बनेका यहाँका महिलाका मुद्दालाई सरकारको उपल्लो तहमा पुऱ्याएकी छिन् र घरेलु हिंसा रोक्न सहकर्मी सांसदहरूको समर्थन खोजिरहेकी छिन्। पैरवीकर्ता र कार्यकर्ताहरूको भनाइमा सार्वजनिक रूपमा तोडेको मौनता सुवर्णमलीका लागि घरेलु हिंसाविरुद्ध समर्थन जुटाउने ज्यादै

प्रभावकारी बाटो र उनको सन्देश सम्भव भएसम्म बढी मानिसबीच ल्याउने उपाय बन्यो ।

सुवर्णमलीजस्ता उच्च ओहोदाका व्यक्तिले घरेलु हिंसाबारे सार्वजनिक रूपमा बोलेको घटनाले यहाँका महिला आफ्नै घरमा हिंसाको सिकार बन्ने गरेको देखाउँछ । इन्टरनेसनल सेन्टर फर इथ्निक स्टडिज (आईसीईएस) नामको राष्ट्रिय शोध प्रतिष्ठानका एकजना अनुसन्धाता चुलानी कोदिकाराले आईपीएससँग भनिन्, 'कानुनी उपचार खोज्नेभन्दा पनि अधिकांश महिला घरेलु हिंसाको मामिलामा चुपचाप बस्न रुचाउँछन्,' उनले भनिन्, 'चर्चित व्यक्तित्वहरूसमेत हिंसाबाट प्रताडित भएर कानुनी उपचारमा गएका थुप्रै घटना छन्, तर उनीहरू सुवर्णमली जसरी सार्वजनिक हुन चाहँदैनन् ।' सुवर्णमलीले आफूमाथि भएको भनी स्वीकारेको घटना ठूलो कुरा हो भन्ने तथ्यलाई यो घटनाले अगाडि ल्याएकोमा जोड दिँदै कोदिकारा भन्छिन्, 'उनको मुद्दा ज्यादै महत्वपूर्ण छ ।'

श्रीमती कुटेकोमा पक्राउ परेका वालावेगमुवा पछि धरौटीमा छुटे । सुवर्णमलीले आफूले ऊसँग कानुनी रूपमै सम्बन्धविच्छेद चाहेको र कुनै बेला सँगै बस्ने गरेको घरबाट अलग्गिएको अन्तर्वार्ताहरूमा बताएकी छिन् । ती सांसदको मुद्दा घरेलु हिंसाको ज्यादै चर्चित घटना हो । यस्ता घटना श्रीलंकामा धेरै रहेको विज्ञहरू बताउँछन् । संसारलाई पहिलो महिला प्रधानमन्त्री र तेस्रो निर्वाचित कार्यकारी राष्ट्रपति दिएको एउटा देशमा प्रत्येक पाँचमा तीनजना महिला घरेलु हिंसाबाट प्रताडित छन् ।

समिध्दी समर्कुनलाई यो समस्याको गहिराइ कति छ भन्ने कुराको प्रत्यक्ष ज्ञान छ । उनी राजधानी कोलम्बोबाट एक सय ६० किलोमिटर दक्षिणमा अवस्थित मतारा अस्पतालमा घरेलु हिंसाको सिकार बनेका महिलालाई सहयोग गर्ने मिथुरु पियासा कार्यक्रम चलाउँछिन् । 'हामीकहाँ हरेक दिन एक वा दुईवटा यस्ता घटना आउँछन्,' समर्कुनले आईपीएससँग भनिन् । यो अस्पतालमा उपचारका लागि आउने अधिकांश महिला ग्रामीण विपन्न परिवारका हुने गर्छन् । केहीले त सुरुमा आफूलाई लागेको चोटको कारण पनि बताउन चाहँदैनन् । 'तर अस्पतालका कर्मचारीले सामान्यतया चोट हेरेरै थाहा पाउँछन् र हामी शङ्का लागेको खण्डमा उनीहरूलाई सीधै सोध्छौँ,' उनले भनिन् । उक्त कार्यक्रमले पीडित महिलालाई परामर्श र कानुनी सहायता दिन्छ । सन् २००७ मा कार्यक्रम सुरु भएयता आफूकहाँ आउने महिलाको सङ्ख्या बढिरहेको समर्कुन बताउँछिन् । तर, उपचारका लागि आउने महिलाको सङ्ख्या बढ्नुका पछाडि हिंसात्मक घटनाको नभई परामर्शको फाइदाबारे व्यापक रूपमा बढेको चेतनाको बढी हात रहेको उनको भनाइ छ । 'हिंसाका घटनाबारे गुनासो गर्ने महिलाको सङ्ख्या पहिलेको तुलनामा अहिले बढेको छ,' उनले भनिन् ।

घरेलु हिंसामा रक्सीले पनि ठूलो भूमिका खेलेको समर्कुनले फेला पारेकी छिन् । तर, आईसीईएसकी कोदिकारा भन्छिन्, 'रक्सीको अभावमा पनि घरेलु हिंसा राष्ट्रियस्तरमै ठूलो समस्या हो ।'

महिला प्रहरी र बाल संरक्षण विभागका अनुसार प्रहरीमा वार्षिक रूपमा आठदेखि १० हजार घरेलु हिंसाका घटना दर्ता हुने गरेका छन् । कतिपय घटनाको जानकारी प्रहरीसम्म आइपुग्दैन तर, सन् २००५ को घरेलु हिंसाविरोधी एउटा कानुनले महिलालाई उपचार खोज्न मद्दत गरेको छ ।

उक्त कानुनले आरोप लागेको व्यक्तिलाई पीडितसम्म पुग्नबाट रोक्नेजस्ता अन्तरिम उपचारको बाटो पनि खुल्ला गरेको छ। 'हामीसँग त्यस्ता घटना पनि छन् जहाँ न्यायाधीशले हिंस्रक पुरुषलाई आफ्नै घरमा जान पनि प्रतिबन्ध लगाएका छन्,' कोदिकाराले भनिन्।

अझै पनि श्रीलंकाली महिला र पुरुषले घरेलु हिंसाप्रतिको उदासीनताको सक्रिय प्रतिकार गर्नुअघि तय गर्नुपर्ने बाटो निकै लामो छ। 'यो सांस्कृतिक कुरा हो किनकि हाम्रो समाज पितृसत्तात्मक छ र यसले महिलाले यसैमा बाँच्न सिक्नुपर्छ भनेर औंलो ठड्याउँछ,' कोदिकाराले भनिन्। सुवर्णमलीजस्ताको घटना महत्वपूर्ण हुनुको कारण पनि यही हो। 'उनले थप चेतना बढाउन र त्यस्ता घटनालाई सार्वजनिक मञ्चमा राख्न सहयोग गर्न सक्छिन्,' कोदिकाराले भनिन्। (आईपीएसबाट)

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं ।


**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**



**सम्पर्क ठेगाना**

सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**